Received Date: March 2025 Revised: April 2025 Accepted: June 2025

# सुन्दरीघाट क्षेत्रका कुष्ठरोग निवारक सांस्कृतिक सम्पदाहरू

**उपप्राध्यापक अवतार सुवेदी**

ग्रामीण विकास विभाग, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

Corresponding author: awatarsubedi@gmail.com

*Doi: https://doi.org/10.3126/ppj.v5i1.85851*

**लेखसार**

*सभ्यताको उत्पत्ती, विकास, विस्तार र दीगोपनका लागि नदीको भूमिका सर्वोपरी रहँदै आएको छ । वागमती किनारमा रहेको सुन्दरीघाटक्षेत्र काठमाडौँ उपत्यकाभित्र बहने वागमती नदीको अन्तिम बहाव क्षेत्र हो । चोभार गल्छीबाट प्राचीन कालमा पानी निकास भएपछि यहाँ बसेको बस्ती, देवपत्तनमा पशुपतिनाथको प्रादुर्भाव र आदिनाथको उत्पत्ति आदि विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने यस सुन्दरीघाटक्षेत्र धार्मिक, ऐतिहासिक, पर्यटकीय एवं पुरातात्विक दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्र हो । सुन्दरीघाटमा नुहाएर आदिनाथको दर्शन गरेपछि शरीरको कुष्ठरोग नष्ट हुने गरेको, आदिनाथमा मासव्रत गरेर कुष्ठरोग नष्ट भएको र जल विनायकले बोकेपछि भैरवको कुष्ठरोग नष्ट भएको आदि जनश्रुतिहरूका आधारमा सुन्दरीघाटक्षेत्र एक आरोग्यप्रदायक क्षेत्रका रुपमा स्थानीयरूमाफ स्थापित भएको सन्दर्भमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा आस्थाका केन्द्र रहेका आदिनाथको छत्रछायाँमा मौलाएका विविध मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अस्तित्व यस क्षेत्रमा भए पनि शरीरको महारोग (कुष्ठरोग) नष्ट गराई सुन्दर काय प्रदान गर्ने विश्वासको आधार पाएको यस क्षेत्रलाई सुन्दरीघाट, आदिनाथ र जलविनायक गरेर त्रिकोणात्मक सांस्कृतिक सम्पदाहरूको पारस्परिक सम्बन्ध स्थापित गर्ने मान्यताका आधारमा विश्लेषण गर्ने प्रयास यस आलेखमा गरिएको छ ।*

**शब्दकुञ्जी** : सांस्कृतिक सम्पदा, मूर्त सम्पदा, अमूर्त सम्पदा, जात्रा, महारोग

## पृष्ठभूमि

ईशापूर्वबाटै विकसित भएको वागमती सभ्यता कालक्रमसँगै प्रागैतिहासिककाल, पूर्वलिच्छवीकाल, लिच्छविकाल, मल्लकाल, शाहकाल हुँदै आधुनिक समयसम्म निरन्तर बहँदै आएको छ । वागद्वारबाट उद्‌गम भएको वागमती नदी चोभार गल्छीमा आएर वहिर्गमन हुँदा यसको काखमा हुर्किएको वागमती सभ्यताले अनेकौं पुस्ताहरूलाई स्नेह प्रदान गऱ्यो, सांस्कृतिक सम्पदाहरूलाई हुर्कने र पल्लवित हुने अवसर दियो ।

विश्वमै संस्कृतिमा अग्रणी रहेको नेपालको राजधानी काठमाडौँ एक सांस्कृतिक नगरी हो । मूर्त तथा अमूर्त संस्कृतिको थलो रहेको काठमाडौँलाई वागमती सभ्यताले अझ पुष्ट बनाएको छ । वागमती नदी किनारमा मौलाएको वागमती सभ्यता आफैँमा एक सांस्कृतिक निधी हो । प्राचीन कालदेखि अर्वाचिन समयसम्म अनवरत रुपमा काठमाडौँ उपत्यकालाई सिञ्चन गर्दै आएकी बागमती नदीले आफ्ना काखमा अनेकौं पुस्ताहरूलाई जन्माउँदै, हुर्काउँदै र विदाई गर्दै आएकी छिन् । प्राचीन सभ्यताका तुलनामा कान्छो सभ्यता भएर पनि बागमती सभ्यता बागमती माताको मातृस्नेह पाएर विश्वमै उत्कृष्ट सभ्यताको रूपमा शिर उँचो पार्दैछ (अमात्य,२०७५) ।

वागमती सभ्यतालाई आफ्नै काखमा हुर्काएकी नदी वागमतीको काठमाडौँ उपत्यकाभित्रको अन्तिम बहाव क्षेत्र सुन्दरीघाट क्षेत्र हो । यही क्षेत्रमा आनन्दादि लोकेश्वर, जलविनायक र सुलक्षणकीर्तिघाट समेत रहेका छन् । यी तीनवटै सम्पदाहरू महारोग निवारणका लागि प्रसिद्ध छन् । सुन्दरीघाट र आनन्दादि लोकेश्वर चाहिँ मानिसलाई लागेको महारोग निको गराएको आधारमा प्रसिद्ध छन् भने जलविनायक चाहिँ भैरवरूपी महादेवलाई लागेको महारोग निको गराउनका लागि प्रसिद्ध छन् । तर यी तीनवटै सम्पदाहरूका विषयमा प्रसिद्ध भएका यी विश्वासहरूका लागि जनश्रुति बाहेक अन्य कुनै ठोस प्रमाणहरू भेटिएका छैनन् । महारोग लागेपछि यी तीर्थहरूको सेवाबाट रोग निवारण भएका कुनै प्रत्यक्ष उदाहरणहरू त भेटिएका छैनन् तर यी सम्पदाहरूको नामाकरणका पछाडि रहेका लोकक्तिहरूलाई नै यहाँ प्रमाणको रुपमा ग्रहण गर्न हामी बाध्य छौं किनभने संस्कृति र प्रचलन निर्माणमा विश्वास र परम्परागत अवधारणाले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यिनै विश्वासलाई अपनाएर मानिसले आफ्ना परम्परागत चालचलनलाई निर्वाह गरिरहेको हुन्छ । मूर्त सांस्कृतिक सम्पदाहरू यस्तै अमूर्त संस्कृतिहरूको अनुगमनले नै हुर्किएका छन् । फलस्वरुप हाम्रा सांस्कृतिक सम्पदाहरू पनि जीवित रहन्छन् । वागमती नदीमा पहिलेको जस्तो स्वच्छता नरहेपछि सुन्दरीघाटमा गरिने स्नानवन्दनको परम्परा टुटे पनि आनन्दादि लोकेश्वर र जलविनायकमा भने परम्परादेखि चल्दै आएका परिपाटीहरू जीवितै छन् । मानिसहरूले वार्षिक पर्वहरूमा ती स्थानहरूमा प्रचलित प्रचलनहरूलाई अपनाउँदै आएका छन् । यिनै कुराहरूलाई आधार बनाएर लेखकले यो आलेख तयार गरेको छ ।

इतिहास शिरोमणि बाबुराम आचार्यले विश्वका प्राचीन सभ्यताहरूभन्दा प्राचीन नभए पनि वागमतीको सभ्यता इशापूर्व ७५० को आसपासमा विकसित भएको थियो भनेर ठोकुवा  गरेका छन् । डा. साफल्य अमात्य महात्मा बुद्धको जीवनकालसम्ममा नेपाल उपत्यकाभित्र सभ्यताको उत्थान भइसकेको कुरामा सहमत रहेका छन् (अमात्य, २०७५) कालक्रमसँगै प्रागैतिहासिककाल, पूर्वलिच्छवीकाल, लिच्छविकाल, मल्लकाल, शाहकाल हुँदै आधुनिक समयसम्म निरन्तर बहँदै आएको वागमती सभ्यता ईशापूर्वबाटै विकसित भएको विश्वास गरिएको छ । वागद्वारबाट उद्गम भएको वागमती नदी चोभार गल्छीमा आएर वहिर्गमन हुँदा यसको काखमा हुर्किएको वागमती सभ्यताले अनेकौं पुस्ताहरूलाई स्नेह प्रदान गऱ्यो, सांस्कृतिक सम्पदाहरूलाई हुर्कने र पल्लवित हुने अवसर दियो ।

मानिसको नदीसँगको पुरानो सम्पर्क र सम्बन्ध भने प्राचीनकालदेखि अहिलेसम्म निरन्तर रुपमा रहिरहेको छ । नदी किनारमा बसोबास नगर्ने मानिसहरूले पनि नदीलाई आफ्नो संस्कृतिको अभिन्न अङ्गका रुपमा स्वीकारी रहेको हामी पाउँछौं । नदीले मानव सभ्यताको विकासमा प्राचीन समयदेखि प्रभाव पारे जस्तै अहिलेको वर्तमान  समयमा पनि संस्कृतिको रूपमा आफ्नो अमिट छाप छोडेकै छन् । नेपालका अधिकांश नदीहरूका किनारी भागमा तीर्थस्थलहरू छन्, मन्दिरहरू छन् । दाह संस्कारका लागि घाटहरू छन् । बेलाबेलामा त्यहाँ भक्तजनहरूको जात्रा लाग्छ । तरुनी-तन्नेरीहरू दोहोरी गाउँछन् । मादल बजाउँछन्, नाच्छन् । व्यापारीहरू स-साना झुपडीहरू बनाएर खाजा-चमेना, खिच्रीमिच्री, तयारी लत्ताकपडा आदिको व्यापार गर्छन् । औंसी, पूर्णे, सूर्यग्रहण, चन्द्रग्रहण, ठुली एकादशी, माघे सक्रान्ति, छठ आदि विभिन्न तिथी र पर्वहरूमा नदीकिनारमा स्नान, पूजाआजा, रमझम र रमिता हुन्छ । धर्म पनि भयो, रमाइलो पनि भयो । यसरी नेपाली संस्कृतिको निर्माणमा नदीले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

काठमाडौं उपत्यकामा जसरी बागमती नदीको ठूलो महत्व छ त्यसरी नै विष्णुमति अथवा केशावतीको पनि ठूलो महिमागान पाइन्छ । काठमाडौँ उपत्यकाभित्र १२ वटा प्रमुख तीर्थस्थलहरू छन् र ती सबै कुनै न कुनै पवित्र नदीहरूका संगम स्थलहरू पनि हुन् । यी १२ वटा तीर्थस्थलहरू मध्ये भाजंगाललाई बागमती र प्रभावती संगम स्थलको सुलक्षणकीर्ति तीर्थ (सुन्दरीघाट) को रुपमा र नेखु (नख्खु) लाई प्रभावती र बागमतीको संगमस्थल जय तीर्थको रुपमा मानिएको छ । (अमात्य, २०६०:२८)

## उद्देश्य

वागमती नदीतटका विभिन्न ठाउँहरूमा परम्परादेखि विविध मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको विकास भई ती सम्पदाहरूमा विविध किसिमका क्रियाकलापहरू प्रचलनमा छन् । वागमती किनारमा अवस्थित सुन्दरीघाट क्षेत्रका मुख्य तीन सम्पदाहरू सुन्दरीघाट, आदिनाथ र जलविनायकमा प्रचलित अमूर्त सांस्कृतिक क्रियाकलापहरूको महारोग अर्थात् कुष्ठरोग निवारणमा योगदान रहेको विश्वासको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यसका लागि विभिन्न पुराण तथा आख्यानहरूको आधार लिइएको छ ।

## अनुसन्धान विधि

अनुसन्धानको स्वरूपका दृष्टिले यो अनुसन्धान अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो । त्यसैले सुन्दरीघाट क्षेत्रमा उपलब्ध पुरातात्विक तथा सांस्कृतिक सामग्रीहरूलाई आधार बनाई सांस्कृतिक सम्पदाहरूको खोजी गरेर सूचना संकलन गर्न वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ । ऐतिहासिक खोजविधिद्वारा शिलालेख तथा ताम्रपत्रहरूको अध्ययन गरेर मूर्त तथा अमूर्त सम्पदाहरूको स्थापना र प्रचलनका विषयमा खोज गरिएको छ । प्राथमिक स्रोतहरूको प्रयोग गरेर अध्ययनका लागि आवश्यक तथ्यहरू संकलन गरिएको छ भने सुन्दरीघाट क्षेत्रमा रहेका पुराना स्मारक तथा कलाकृतिका विषयमा प्रत्यक्ष अवलोकन तथा स्थानीय व्यक्तिहरूसँगको अन्तर्वार्ताको माध्यमबाट जानकारी लिइएको छ । द्वितीय स्रोतहरूको उपयोग गर्ने क्रममा पूर्व प्रकाशित लेख, जर्नल लगायत विभिन्न अनुसन्धाताहरूद्वारा गरिएका अनुसन्धानहरूको अध्ययन गरिएको छ । पुस्तकालयहरू भ्रमण गर्ने क्रममा पुरातत्त्व विभाग र अभिलेखालयका पुस्तकालयरूको भ्रमणसमेत गरिएको छ ।

## मुख्य प्राप्ति तथा छलफल

### १. सुन्दरीघाटका सम्पदाहरू

### (क) सुन्दरीघाटका मूर्त सम्पदाहरू

नेपाल सम्वत् ९५५ को अभिलेखअनुसार सुन्दरीघाटमा विश्रामस्थलको लागि पाटी निर्माण गरेको व्यहोरा उल्लेख भएको भनेर नेपाल सरकारले वि.सं. २०६१ मा तयार गरेको कीर्तिपुर नगरपालिकाका सांस्कृतिक सम्पदाहरूको एकिकृत सूची (Inventory) मा उल्लेख भए पनि हाल सो अभिलेख हराइसकेको छ । वि.सं. २०६१ मा सूची तयार गर्दा सुन्दरीघाटमा रहेको पाटी भत्काएर कीर्तिपुर नगरपालिकाले पुरातत्व विभागको मापदण्डअनुसार नयाँ पाटी निर्माण गरेको भन्ने कुरा स्थानीय वासीन्दा नवराज कार्कीले बताउनु भयो । तर कहिले जीर्णोद्धार गरी नयाँ पाटी निर्माण गरेको भन्ने तथ्य कतै उल्लेख गरिएको छैन । सुन्दरीघाटको पुरानो पाटी भएको अवस्थामा वागमती नदी पाटीको छेवैबाट बग्थ्यो । लास जलाउने दुईवटा ढुङ्गाका भकारीहरू थिए । ५-६ वटा ढुङ्गे सिँढिहरू थिए । शिवलिङ्ग, ने. सं. १०६२ को ढुङ्गे चैत्य, दुई देवप्रतिमाहरू स्थापित थिए । तर पछि

गएर वागमती सभ्यता एकिकृत विकास समितिद्वारा पाटीभन्दा २०-२५ मिटर अगाडि वागमतीको किनारमा ढुङ्गाको पर्खाल लगाइयो । पाटीसम्म बहँदै आउने वागमतीको प्रवाहलाई परैबाट बन्देज लगाइयो । अहिले आएर भएको ने.सं. १०६२को ढुङ्गे चैत्यलाई कमलदलबाट उप्काएर भुइँमा मिल्काइएको थियो । कलात्मक बुद्धको आकृतिलाई घनले हानेर फोड्ने प्रयास गरेको जस्तो देखिएको थियो । केही दिनपछि त्यहाँ गएर हेर्दा सो चैत्य त्यहाँबाट गायब थियो । सो कलात्मक चैत्य चोरी भएको हुनुपर्छ ।

**(ख) सुन्दरीघाटका अमूर्त सम्पदाहरू र महारोग निवारणको विश्वास**

हिमवत्खण्डको नेपाल महात्म्य प्रकरणअन्तर्गत अध्याय ८४ को श्लोक ८३ मा 'वाग्वती दक्षिणाच्चैव प्रसृता कन्दरोदरात्' अर्थात् 'दक्षिणपट्टिको गुफाबाट वाग्मती निस्कीएकी छन्' भनेर सुन्दरीघाटदेखि दक्षिणपट्टिको गुफाबाट बागमतीको बहिर्गमन भएको कुरा उल्लेख गरेर चोभारको साँघुरो गल्छीको संकेत गरिएको छ । सोही अध्यायको श्लोक ८५ मा "न गच्छेन्मृत्युलोकं स न पापैर्लिप्यते कदा । प्रब्रजन्सुन्दरीतीर्थे समारुह्याद्रिशेखरम् ॥८५॥" (सुन्दरीतीर्थमा गएर स्नान गरी जो व्यक्ति त्यो पहाडको शीखरमा चढ्छ, त्यसले मरेपछि उत्तम गति प्राप्त गर्छ ।) भनेर सुन्दरीघाटमा स्नान गरी आदिनाथको पहाड चढ्नाले उत्तम गति प्राप्त गर्न सकिने कुरा उल्लेख छ ।

चोभार डाँडाको फेदबाट बग्ने बागमती नदीमा रहेको घाटलाई सुन्दरीघाट अथवा सुन्दरीतीर्थका नामबाट चिनिने चलन पहिलेबाटै रहेछ । यही घाट वा तीर्थमा स्नान गरेर आदिनाथको दर्शन एवं पूजा गरेपछि शरीरको महारोग पनि निको हुन्छ भन्ने विश्वास यस क्षेत्रमा प्रचलित छ (डंगोल र रेग्मी, २०४६ : १५) ।

सुन्दरीतीर्थ अथवा सुन्दरीघाटलाई भाजङ्गल तीर्थ पनि भनिन्छ । स्वयम्भू पुराणमा सुन्दरीघाटलाई सुलक्षणतीर्थका नामबाट उल्लेख गरेर यसका विषयमा विस्तृत रुपमा वर्णन गरिएको छ । बागमती र चारुमती नदीको मिलनबाट बनेको यो घाटमा २१ दिनसम्म स्नान र दान गरियो भने रूप र सौभाग्य प्राप्त हुने कुरा त्यहाँ उल्लेख छ । वर्षका विशेष तिथि र बारलाई तोकेर तत् तत् तिथि र बारमा स्नान गर्नाले पुण्य प्राप्त हुने कुरा उल्लेख गर्दै जेष्ठ शुक्ल द्वादशी, मिथुन संक्रान्ति र बुधबार स्नान गर्नाको महात्म्य त्यहाँ वर्णन गरिएको छ । यसका साथै वैशाख कृष्ण सप्तमी वा जेष्ठ शुक्ल द्वादशीको तिथि जुराएर २१ दिनसम्म वाणी र चित्तलाई संयममा राखेर विधिपूर्वक स्नान,जप, तप ध्यानका साथमा मन्त्रसूत्र र सद्धर्मपुण्डरिक पाठ गर्दै पञ्चोपचारले पूजा गर्दा रुप र सौभाग्य प्राप्त हुने कुरा उक्त पुराणमा उल्लेख गरिएको छ ।

यसरी विधिपूर्वक सुलक्षणतीर्थको सेवा गरेपछि सुखभोगहरू प्राप्तिका साथमा रोगहरू नासिएर दिव्य शरीर प्राप्त हुने कुरा स्वयम्भू पुराणले महत्वका साथ वर्णन गरेको छ । सुलक्षणतीर्थमा स्नान, बन्दन, जप, पूजा, ध्यान आदि गरिसकेपछि डाँडामा रहेका आदिनाथ र गन्धेश्वर भगवानको पूजा गर्न अनिवार्य गरिएको छ । ( स्वयम्भू पूराण, अध्याय ५)

यसरी, सुन्दरीघाटमा स्नान गर्नाका महत्त्वहरू हिमवत्खण्डको नेपाल महात्म्य, स्वयम्भूपुराण र स्थानीय लोकोक्तिहरूमा उल्लेख भए पनि वर्तमान अवस्थामा सुन्दरीघाट भएर बहने वागमती नदीको पानी स्वच्छ हुन छाडेपछि यहाँ गरिने स्नान, पूजा आदि कार्य बन्द भएका छन् ।

## २. आदिनाथका सम्पदाहरू

### (क) आदिनाथका मूर्त सम्पदाहरू

चोभार डाँडा काठमाडौं उपत्यकाको मध्यभाग हनुमान ढोकाबाट करिब ८ किलोमिटर दक्षिणमा पर्दछ । पूर्व-पश्चिम लम्बाइ र उत्तर -दक्षिण चौडाइ भएर बसेको कछुवा आकारको देखिने चोभारलाई 'कच्छपाल गिरि' पनि भनिएको छ । डाँडाको माथि विहार भएको हुनाले यसको नाम 'चोभार' रहन गएको हो । चोभारको आनन्दादी लोकेश्वरको विहारलाई उपत्यका बासीहरूले 'चोवाहा' पनि भन्दछन् । नेवारी भाषालाई आधार बनाएर विश्लेषण गर्दा 'चो'भनेको अग्लो ठाउँ र 'बाहा' भनेको' विहार' हुन आउँछ । कच्छपाल गिरीमा रहेको हुनाले आदिनाथ मन्दिरलाई 'कच्छपालगिरी महाविहार' पनि भनिन्छ । भगवान् आनन्दादी लोकेश्वर यस मन्दिरमा विराजमान हुनु भएको हुनाले चोभारको यस विहारलाई 'आनन्दादी लोकेश्वर महाविहार' पनि भनिन्छ ।

काठमाडौं उपत्यकाको चार मुख्य लोकेश्वरहरूमध्ये 'आनन्ददादी लोकेश्वर' पनि एक हुन् । यी लोकेश्वरहरूलाई करुणामय पनि भनिन्छ । नालाको करुणामयलाई सृष्टिकान्त लोकेश्वर, बुंगमति वा ललितपुरको लोकेश्वरलाई पद्मपाणि लोकेश्वर, जनबहालको लोकेश्वरलाई जटाधारी लोकेश्वर र चोभारको लोकेश्वरलाई आनन्दादी लोकेश्वर भनिन्छ । यी लोकेश्वरहरूले आ-आफ्नो विशेषता पनि बोकेका छन् । नालाका सृष्टिकान्त लोकेश्वर नामैले सृष्टिसँग अर्थात प्राणीहरूको जन्मसँग सम्बन्धित छन् भने ललितपुर बुंगमतिका लोकेश्वर अर्थात पद्मपाणि लोकेश्वर वर्षासँग सम्बन्धित छन् । जनबहालका जटाधारी लोकेश्वर आयु वा मृत्युसँग सम्बन्धित छन् । चोभारका आनन्दादी लोकेश्वर आरोग्यसँग अर्थात रोगसँग सम्बन्धित छन् (बज्राचार्य र प्रधान, २०७६) । जिम गुडम्यान नाम गरेका एकजना पाश्चात्य लेखकले आफ्नो पुस्तक 'GUIDE TO ENJOYING NEPALESE FESTIVALS'मा आदिनाथलाई काठमाडौं उपत्यकाबाट पानी खोल्ने मञ्जुश्रीको अवतार थिए र कलियुगको शुरुवात नभएसम्म प्रतक्ष्य रुपमै यहाँ रहेका तर जब कलियुग सुरू भयो मूर्तिका रुपमा चोभारको विहारमा रहन थाले भन्ने किंबदन्ती यहाँ प्रसिद्ध रहेको उल्लेख गरेका छन् (Goodman, १९८१ : ३३-३४) । जिम गुडम्यानले उल्लेख गरे अनुसारको किंबदन्ति चाहिँ यहाँका बासिन्दाले बताएनन् र जिज्ञासा राख्दा पनि त्यस्तो कहानी नसुनेको कुरा बताए ।

आदिनाथको मन्दिर उत्तरी मोहडामा फर्किएको छ । चतुष्कोण पेटीमाथि अवस्थित मन्दिर प्यागोडा शैलीको छ र झट्ट हेर्दा तीन तल्ले देखिन्छ । हेर्दा तीन तल्ले जस्तो देखिए पनि वास्तवमा यो मन्दिर चार तल्लाको छ । मन्दिरको भुइँतल्लाको गारोलाई पित्तलले मोड्ने काम वि.सं. १९९४मा मरुटोल काठमाडौंका तुलाधरहरूले गरेका हुन् । मन्दिरको आँगन वरिपरि दुई तल्ले भवनहरू र बीचमा शिखर शैलीको क्षितिगर्भवोधिसत्व अथवा अष्टवैतराग मन्दिर रहेको छ । ढुङ्गैढुङ्गाले बनेको यो क्षितिगर्भवोधिसत्व मन्दिर अष्टकोणको आकारमा छ र वरिपरि पनि आठकोणमा प्रस्तरका खम्बाहरू छन् । यस मन्दिरको शिखर भागतिर कुना कुनामा विभिन्न देवीदेवताका मूर्तिहरू सजाइएका छन् । बौद्ध धर्मका आर्य अष्टाङ्ग मार्गका प्रतीकहरूका रूपमा यिनलाई लिइँदो रहेछ । हिन्दूहरूले यसलाई गन्धर्वेश्वर महादेवको मन्दिर पनि भन्दा रहेछन् । हिन्दू र बौद्ध धर्मावलम्बी दुबैका लागि आदिनाथ आस्थाका केन्द्र बनेका रहेछन् भन्ने तथ्यको यो उदाहरण हो । प्राचीन कालमा एक जना बोधियानाचार्य भन्ने साधकले यो ठाउँमा ध्यान वसेर अष्टसिद्धि प्राप्त गरेका थिए रे । बोधियानाचार्य यहि मन्दिरको गर्भगृहबाट गुफा अथवा सुरुङ हुँदै वागमती सम्म पुग्थे रे । वोधियानाचार्यले अष्टसिद्धि प्राप्त गरिसकेपछि तेत्तीस कोटी देवतालाई यहाँ बोलाएर ध्यानमा बसेका थिए रे । तेत्तीसकोटी

देवतालाई बोलाएर ध्यान गर्ने समयमा बोधियानाचार्यले जलविनायकलाई चाहिँ बोलाउन बिर्सेछन् । आफूलाई नबोलाएकोमा जलविनायकले विघ्नान्तकलाई बोधिसत्वको ध्यान भङ्ग गर्न पठाएछन् । क्रूर स्वरूपका विघ्नान्तकबाट बच्न वोधियानाचार्य सुरुङ्को बाटो हुँदै चोभारको गल्छी नजिकको गुफाभित्र रहेका दुई पोखरीमा लुक्न पुगेछन् । मन्दिरका पुजारी शरद शाक्यको अनुसार चरा र परेवाको रूप लिएर यी पोखरीमा स्नान गर्न पुगेको हुनाले ती पोखरीहरूलाई चङ्खुवङ्खु तीर्थ भनिन्छ । यिनै बोधियानाचार्य पछि गएर बन्धुदत्त गुभाजुका रुपमा जन्मिएछन् ।

आदिनाथ परिसरबाट बाहिर जाने क्रममा पूर्वतिरबाट बाहिर निस्कँदा ननी (चोक) मा पुगिन्छ । मन्दिर परिसरको पूर्वी सत्तलको बाहिरी भित्तामा वसुन्धरा देवीको मूर्ति छ भने उत्तरतर्फ दुईवटा सरस्वती अथवा मन्जुश्रीका मूर्ति छन् । यहाँ अक्षोभ्य बुद्धको मूर्ति समेत रहेको छ ।यिनीहरूको स्थापना ने. सं. १०९३ मा भएको र सँगै रहेको फल्चा वा पाटी ने. सं. ९१४ मा निर्माण गरिएको कुरा सम्पदासूचीमा उल्लेख छ । यिनै मूर्तिहरूको अगाडि आदिनाथको स्नान गराउने डबलीकै छेउमा एउटा लिच्छवीकालीन चैत्य छ । एउटै ढुङ्गाबाट बनेको यस चैत्यको पिँधमा योनी आकारको आकृति भएको हुनाले माथिपट्टिको चैत्यलाई शिवलिङ्ग मानेर यसलाई लुकु महादेव समेत भन्ने गरिएको छ । यो चैत्यको स्वरुपलाई अन्य लिच्छवीकालिन चैत्यहरूसँग तुलना गर्दा यसलाई समेत लिच्छवीकालीन चैत्यको दाँजोमा राखिएको हो । यिनै लिच्छवीकालीन सामग्रीहरू यहाँ भेटिएका हुनाले यो ठाउँ लिच्छवीकालमै प्रसिद्ध भएको मान्न सकिन्छ ।

लुकु महादेवकै छेउमा रहेको आदिनाथको स्नान गर्ने डवली रहेको छ । यहाँ रहेको स्नान मञ्चको स्वरूप वि.सं. २०२६ सालमा बनेको कुरा नेपाल सरकार द्वारा तयार पारिएको एकिकृत सूचीमा उल्लेख छ । यस डबलीमा लोकेश्वरलाई स्नान गराउनको लागि कमलदलभित्र चारकुने आकारको कुण्ड तयार पारिएको छ । यहि डबलीको ठिक अगाडि (पश्चिमपट्टि) भक्तजनहरूले आदिनाथको स्नान गर्ने समयमा दर्शन गर्न, पूजा सामग्री मिलाउन र आरती गर्न फल्चा वा पाटी बनाइएको छ । प्रत्येक वर्षको चैत्र शुक्ल प्रतिपदाका दिन आदिनाथको स्नान गराइने यस डवलीमा आदिनाथलाई भित्र मन्दिरबाटै यहिंसम्म ल्याइन्छ र साँझपख धुमधामसँग स्नान गराइन्छ । यसरी नुहाइदिने कामलाई "न्वहान" भन्ने गरिन्छ भने नुहाउनका लागि राखिने स्थान विशेषलाई 'न्वहान दबु' भन्ने गरिन्छ । बाहिर ननीचोकमा रहेको "न्वहान दबु" मा आदिनाथलाई नुहाउन ल्याउँदा भित्र मन्दिरमा चाहिँ एउटा कलस राख्ने गरिन्छ ।

आदिनाथ मन्दिर परिसरबाट दक्षिणतिर बाहिर निस्कनासाथ एकैठाउँमा चारवटा चैत्य र तीनवटा मण्डलहरू देखापर्दछन् । मण्डल माथि बज्रहरू कसिलो गरी धातुले नै अचल बनाएर राखिएको छ । विभिन्न समयमा भक्तजनहरूले आदिनाथको प्रीतिका लागि यी चैत्य र मण्डलहरू स्थापना गरेको देखिन्छ । त्यहाँ भएका अभिलेखहरूलाई नियालेर हेर्दा वि.सं. २०००, २०१८, ने.सं. २०६१, १०६६ अंकित भएको देख्न सकिन्छ । यहाँ स्थानीय तथा आगन्तुक भक्तजनहरूबाट दैनिक पूजा हुने गर्दछ ।

### (ख) आदिनाथको अमूर्त सम्पदा माय् अपसँ (मासोवास व्रत) र महारोग निवारणको विश्वास

आर्यावलोकितेश्वरको व्रतलाई करुणामय व्रत, उपोशथव्रत, अमोघपाशव्रत आदि नामले पुकारिन्छ । यस्तो व्रत गर्दा रोग निवारण हुने र सन्तान प्राप्ति हुने विश्वास गरिन्छ । यस्तो व्रत गर्दा एकलरूपमा गर्नुभन्दा सामूहिक गर्ने चलन छ । सामूहिक व्रत गर्दा थप ऊर्जा प्राप्त हुनेकुरा भक्तजनहरू बताउँछन् । यस्ता व्रतहरूको मूल लक्ष्य प्रज्ञा प्राप्त गर्ने भएको हुनाले यसका लागि शील ग्रहण गर्ने परिपाटी छ । चित्तमा रहेका द्वेष, मोह, लोभ आदि

विकारहरूलाई निवारण गरेर मात्रै प्रज्ञा प्राप्त हुने भएको हुनाले त्रिरत्न शरण जाने र दश अकुशल नगर्ने अनिवार्य मानिन्छ । महायानी सम्प्रदायका बुद्ध धर्मावलम्बीहरूले सम्यक सम्बुद्ध प्राप्तिका लागि यो व्रत गर्दछन् । काठमाडौँका चार लोकेश्वरहरूमा मास व्रत गर्ने चलन छ । चोभारको आनन्दादि लोकेश्वरको मास व्रत गर्दा शरीरमा आनन्द हुने, रोग नलाग्ने, रोग लागेको भए पनि निको हुने गहिरो विश्वास भएकोले मानिसहरू आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म आदिनाथको दर्शन र पूजा आराधनामा संलग्न रहन्छन् ।

प्रारम्भमा एक महिनासम्म कार्तिक महिनाभरि पानीसम्म नखाई यस्तो व्रत गर्ने चलन थियो भन्ने कुरा आदिनाथका पुजारी तथा सङ्घ सदस्य इन्द्रबहादुर शाक्य बताउनुहुन्छ । एक किम्वदन्ती अनुसार परापूर्वकालमा एकजना कुष्ठरोगी तिब्बतबाट आनन्दादि लोकेश्वरमा आएछन् । उनले एक महिनाभरि पानी पनि नखाई व्रत गरेछन् । कुष्ठरोगबाट गलित भएका उनका अङ्गप्रत्यङ्गहरू सञ्चो हुँदै गएछन् । बिस्तारै हातगोडाका औंलाहरू पनि पलाउन थालेछन् । आदिनाथको यस्तो प्रभाव देखेपछि ती भक्तले थप दुई वर्ष पनि कार्तिक महिनाभरि आनन्दादि बिहारमै मासव्रत गरेछन् । यसरी तीन वर्षसम्म लगातार व्रत गर्दा शरीर पुरै स्वस्थ भएर तन्दुरुस्त भई तिब्बततिरै फर्केछन् । ती भक्त गएपछि अरु मानिसहरूले पनि यो व्रत लिएर शरीरबाट रोगमुक्त भए भन्ने किम्वदन्ती यस क्षेत्रमा चलेको रहेछ । पहिले एक महिनासम्म पानी पनि नखाई व्रत बस्ने गरिएकोमा अहिले आएर कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मका पाँच दिनमा यो व्रत सिमित भएको छ । हरिबोधनी एकादशीदेखि पूर्णिमासम्मका पाँच दिन भने आज पनि भक्तजनहरू पुजारीले दिएको सानो एक कचौरा पानीको भरमा व्रत बस्छन् । यसरी बसिने व्रतलाई निर्जला व्रत भन्ने गरिन्छ ।

### ३. जलविनायकका सम्पदाहरू

### (क) जलविनायकका मूर्त सम्पदाहरू

राँगा, हाँस, कुखुराको बली स्वीकार गर्ने जल विनायक काठमाडौं उपत्यकाका चार मुख्य विनायकहरूमध्ये पर्दछन् । उपत्यकाको पश्चिम दक्षिण भागको रक्षाको जिम्मा सम्हालेका जलविनायकलाई चोभारविनायक पनि भनिन्छ । गणेशका मन्दिरहरू दक्षिणाभिमुख भएका उदाहरणहरू धेरै छन् । जलविनायकको मन्दिर पनि दक्षिणमुख भएर फर्केको छ । यसका वरिपरि पाटीहरू छन् । चोभार गल्छीभन्दा दक्षिण वागमती नदीको दाहिने किनारमा अर्थात् काठमाडौं जिल्लाको काठमाडौं-दक्षिणकाली राजमार्गको छेवैमा जलविनायकको प्राचीन मन्दिर खडा छ । नेपाल खाल्डोबाट जल निकासको साथमा धेरै नागहरू समेत बाहिर निष्काशित हुँदा उनीहरूको कोपबाट कुनै अनिष्ट नहोस् भन्ने उद्देश्यले यस ठाउँमा जलविनायकको स्थापना गरिएको हो भन्ने विश्वास रहेको छ । नेपाली कला झल्कने तीन तल्लाको संरचनामा निर्मित जलविनायकको मूल ढोकामा प्रस्तरका सिंहसिहिनीले पहरा दिइरहेक छन् भने मन्दिरतिर फर्केर श्री गणेशको सामुन्ने पर्ने गरी केही अग्लो चौको माथि धातु निर्मित मुसो दाहिना हातमा लड्डु लिएर धातुकै छाता ओढेर दिनरात जलविनायकको सेवामा तत्पर भएर रहेको जस्तो देखिन्छ ।

तीन तल्ले जलविनायकको मन्दिरको धातुको छानालाई अड्याउन ४५डिग्रीको कोणमा काठका टुँडालहरूको प्रयोग भएको छ भने पहिलो र दोस्रो तल्लाका छानाहरूलाई अड्याउन १६, १६ वटा टुँडालहरूको प्रयोग भाएको छ । तेस्रो तल्ला तुलनात्मक रूपमा पहिलो र तेस्रो तल्लाभन्दा साँघुरिदै गएको हुनाले यसमा जम्मा ८ वटा टुँडालहरूको मात्र प्रयोग भएको छ । यसरी छानाहरूलाई अड्याउन प्रयोग भएका टुँडालहरूमा गणेश र देवीका मूर्तीहरूलाई क्रमबद्ध हिसाबले मिलाएर स्थापना गरिएको छ । प्रत्येक तल्लामा सौन्दर्य भर्नका

लागि स-साना टिकी भ्याःको प्रयोग गरिएको छ । मल्लकालीन कला भल्कने यस मन्दिरका चारैतिरका भित्तामा आँखी भ्यालहरूलाई पित्तलले मोडेर ढोकाको आकार दिइएको छ ।

जल विनायकको गर्भगृहमा स्पष्ट मूर्ति नभए पनि श्री गणेशको प्रतीकका रूपमा ठूलो शिला रहेको छ । गणेशको आकृति जस्तो सो प्रस्तरमा धातुले मोडेर मूल देवताको रुपमा पूजा गर्ने पद्धति प्रचलनमा रहेको छ । देवमाला वंशावलीलाई आधार बनाएर हेर्दा त्यहाँ वर्णित प्रसङ्ग र यहाँ स्थित श्री गणेशरूपी प्रस्तरमा तुलना गर्न सकिन्छ । श्री महादेवलाई ब्रह्महत्या लागेको हुनाले पापमोचन गर्न उनी चोभारसम्म आएछन् । भैरवरुपमा महादेव आएको देखेर त्यहिँको चट्टानबाट गणेशजी उत्पत्ति भएछन् । अहिले देखिएको 'माथिको ईश्वर ॐ श्री महादेव भैरको मूर्ति र त्यस मुनिको गणेशको मूर्ति' रहेको छ । अगाडिको सिंहासन भिकेपछि देखिएको प्वालबाट श्री गणेणको दर्शन पाइन्छ भनेर सोही वंशावलीमै उल्लेख छ । (योगी, २०१३: ५८)

मूल मन्दिरका वरिपरिका सम्पदाहरू पनि यहाँ उल्लेख गर्न लायक देखिन्छन् । प्रारम्भिक मल्लकालिन संरचनामा काठको फलकमा कुँदिएको शिव-पार्वतीको विवाहको भल्को दिने कलात्मक उमामहेश्वरको मूर्ति कहिले निर्माण भएको थियो मिति उल्लेख छैन । त्यस्तै लक्ष्मीको प्रतीकका रूपमा रहेको पूर्णघटको आकर्षक मूर्ति पनि यहाँको कलात्मक नमूना हो । मन्दिरको पूर्वपट्टि रहेको प्राङ्गणको शिवलिङ्ग चारकुने वेदीमाथि स्थापना गरिएको छ । श्री गणेशको मन्दिर परिक्रमा गर्ने क्रममा भक्तजनहरूले श्री महादेवको पूजा समेत यहिँ गर्दछन् । मल्लकालिन कला भल्काउने यस शिवलिङ्गमा जलहरि भाग उत्तरतर्फ फर्काएर राखिएको छ । यसै गरी मन्दिरको प्राङ्गणमै भित्तामा टाँसिएर राखिएको उभिएकी सरस्वती चार हातले शोभित छन् । मल्लकालको उत्कृष्ट नमूनाको रूपमा रहेको सो सरस्वतीको मूर्तिका दाहिने पट्टिका दुई हातमध्ये माथिल्लो हातले रुद्राक्ष लिएकी छन् भने तल्लो हात वरद मुद्रामा रहेको छ । यसैगरी देब्रेपट्टिका दुई हातहरूमध्ये माथिल्लोमा पुस्तक छ भने तल्लो हात अभयमुद्रामा छ । गलाको च्याप्टो हार, श्रीपेच, कुण्डल, चुरी आदि आभूषणले सुसज्जित सरस्वतीले खुट्टासम्म लत्रिने गरी धोती बाँधेकी छिन् । वास्तवमा सरस्वती र गणेश दुवै विद्याका देवता हुन् । गणेशबिनाकी सरस्वतीले सिद्धि प्राप्त गर्न नसक्ने हुदा यहाँ श्रीगणेशको मन्दिर परिसरमा सरस्वतीको मूर्ति स्थापना गरिएको हो ।

### (ख) जलविनायकका अमूर्त सम्पदाहरू र आरोग्य प्राप्तिको विश्वास

बागमती किनारमा रहेका जलविनायकलाई स्थानीय नेवारहरूले कोयनाद्यः भनेर सम्बोधन गर्दछन् । विवाह, व्रतबन्ध, बेलविवाह, गुफा निकाल्ने, भीमरथारोहण आदि कार्य पूरा गरेको भोलिपल्ट कोयना गणेशको पूजा गरेर भोज खाने चलन छ । कार्तिक शुक्ल चतुर्दशीका दिन राँगो बलि दिएर जात्रा गरिने र वर्षमा एकचोटी नःटोल ललितपुरबाट जलविनायकको ठूलो मुकुट खटमा हाली जात्रा गरेर ल्याउनेचलन छ । मध्यरातमा राँगाको बली दिने चलन छ ।(बज्राचार्य र प्रधान, २०७६)

बुइना गणेश, ठाईना गणेश र क्वेना गणेशबाट समेत जल विनायक प्रसिद्ध छन् । कुष्ठरोग गलित शिवजी उग्र भैरवको रूप लिएर विचरण गर्दै थिए । दयावश उनलाई गणेशले घरि काखिमा च्याप्ने, घरि कुममा बोक्ने र घरि बुई चढाउने गर्दा भैरवरूपी महादेवको कुष्ठरोग पनि सन्चो भयो । यसरी महादेवलाई काखीमा बोक्दा बुइना गणेश, कुममा बोक्दा ठाईना गणेश र बुई चढाउँदा क्वेना गणेश गरेर जलविनायका तीन नामहरू समेत प्रसिद्ध भएका रहेछन् । शरीरमा मुसा आएर सतायो भने पनि यदि जलविनायकमा दर्शन पूजा गऱ्यो भने शरीरबाट मुसा बिलाएर जान्छ भन्ने विश्वास समेत रहेको छ (श्रेष्ठ र शर्मा, २०७५ )

## उपसंहार तथा कृतज्ञता ज्ञापन

सुन्दरीघाट, आदिनाथ र जलविनायकको महिमा रोगव्याधि निको गराई शरीर स्वस्थ राख्ने रहेको विश्वास सुन्दरीघाट क्षेत्रमा व्याप्त छ । सुन्दरीघाटमा नुहाएर आदिनाथको दर्शन गर्दा शरीरको महारोग(कुष्ठरोग) निरोगी भई सुन्दर काय प्राप्त हुने भन्ने लोकोक्तिका कारणले यस तीर्थको नाम नै सुन्दरीघाट रहन गएको कुरा स्थानीयरू समेत बताउँछन् । त्यस्तै आनन्दादि लोकेश्वर शारीरिक आरोग्यका लागि पुजिने लोकेश्वर हुन् । किम्बदन्ती अनुसार एकपटक तिब्बतबाट आएकी एक कुष्ठरोगीले आदिनाथको प्राङ्गणमा आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्मको एक महिना आदिनाथको निर्जला व्रत सम्पन्न व्रत गरेपछि उनको शरीरबाट कुष्ठरोग हराएछ र झरेका औलाहरू पनि पलाउन थालेछन् । आनन्दादि लोकेश्वरको यस्तो महिमा र चमत्कारबाट प्रभावित बनेकी ती तिब्बती भक्तिनीले अरु दुई वर्षका निर्जला व्रतहरू समेत पूरा गरिछन् । यसरी लगातार तीन वर्षसम्म मासव्रत पुरा गरेपछि उनी पूर्णतया निरोगी बनेर तिब्बत फर्किछन् भन्ने किवदन्ती चोभार क्षेत्रमा प्रसिद्ध छ । त्यस्तैगरी महापापबाट कुष्ठरोग लागेका भैरवरुपका महादेवलाई चोभार गणेशले घरी काखमा, घरी कुममा र घरि आसन बनाई बुइमा बोक्दा कुष्ठरोग निको भएको किंबदन्ती समेत यहाँ सुन्न पाइन्छ । यसरी तिनै ठाउँको अर्थात् सुन्दरीघाट, आदिनाथ र जलविनायकको महिमा कुष्ठरोग निको गराई शरीर स्वस्थ राख्ने रहेको हुनाले सुन्दरीघाटक्षेत्र अन्तर्गत चोभार डाँडो र जलविनायक समेतलाई समेटिएको हो ।

प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोगले प्रदान गरेको लघु अनुसन्धान विकास तथा नवप्रवर्तनको अनुदान सदुपयोग गरी तयार गरिएको सुन्दरीघाट क्षेत्रको सांस्कृतिक सम्पदा अध्ययनलाई मूल आधार बनाएर त्यस क्षेत्रका तीन सम्पदाहरूको कुष्ठरोग निवारणका लागि रहेको परम्परागत विश्वास तथा श्रद्धालाई केन्द्रविन्दु बनाई विकसित गरिएको हो । अतः लघुअनुसन्धान तयार गर्नका लागि अनुदान प्रदान गरेर प्राज्ञिक उन्नयनमा प्रोत्साहन गरेकोमा साथै प्रस्तुत लेख तयार गर्ने आधार समेत प्रदान गरेकोमा विश्वविद्यालय अनुदान आयोग परिवारप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै विज्ञजन, स्थानीयवासी तथा मन्दिर एवं विहारका पूजारी वर्गमा उहाँहरूले प्रदान गर्नु भएको सहयोग र साथका लागि धन्यवाद ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्रीहरू


अमात्य, साफल्य (२०५३), काठमाडौं नगरायण, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

अमात्य, साफल्य (२०६०), पानी र संस्कृति, काठमाडौः नेपाल खानेपानी संस्थान ।

अमात्य, साफल्य (२०७५), वागमती सभ्यता, काठमाडौः नेपाल संस्कृत विश्वविद्यालय

डंगोल, सानुभाइ र जगदीशचन्द्र रेग्मी (२०४६), श्री आदिनाथ, ललितपुरःद्वारिकामान नेमकुल

ढकाल, वेणीमाधव (२०७५), हिमवत्खण्ड, काठमाडौः विद्यार्थी प्रकाशन

योगी, नरहरिनाथ (सम्पा.) (२०१३), देवमाला वंशावली, काठमाडौः श्री ५ को सरकार, पुरातत्व विभाग

रेग्मी, जगदीश चन्द्र र पशुपतिकुमार द्विवेदी (२०४६), श्रीआदिनाथ, काठमाडौः द्वारिकामान नेमकुल

वज्राचार्य, वज्रमुनि र प्रयागमान प्रधान (२०७६), कीर्तिपुर नगरपालिकाको सांस्कृतिक विवरण, कीर्तिपुरः कीर्तिपुर नगरपालिका ।

श्रेष्ठ, टेकबहादुर कर डिल्लीराज शर्मा (२०७५), किपू नगरपालिकाया ऐतिहासिक व सांस्कृतिक विवरण, कीर्तिपुरः नेपाल भाषा एकेडेमी ।

Goodman, Jim (1981), Guide to Enjoying Nepalese Festivals, KathmanduM Kali Press

Vaidya, Tulasiram and Hemraj Shakya, (ed.), (1970), Medieval Nepal Colophons and Inscriptions, KathmanduM T.R. Vaidya